# सूचना २

## कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) पहिलो (संशोधन) आदेश, २०५५

कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१ को दफा ३ मा संशोधन : कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१ को दफा ३ को उपदफा (२) को खण्ड (ख), (घ) र (ज) को सट्टा देहायको खण्ड (ख), (घ) र (ज) राखिएका छन् ।

"(ख) प्रतिनिधि, कृषि मन्त्रालय – सदस्य

(घ) ललितपुर उप-महानगरपालिकाबाट एक जना र मध्यपुर ठिमी नगरपालिकाबाट एक जना गरी दुई जना प्रतिनिधि – सदस्य

(ज) प्रचलित कानून बमोजिम स्थापना भएका फलफूल उत्पादन संघ तर्फबाट एकजना र प्रचलित कानून बमोजिम स्थापना भएका तरकारी उत्पादन संघ तर्फबाट एकजना गरी श्री ५ को सरकारबाट मनोनीत दुई जना – सदस्य"

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

### मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मेलाम्ची खानेपानी विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ ।

(घ) "परियोजना" भन्नाले मेलाम्ची खानेपानी परियोजना सम्झनुपर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. मेलाम्ची खानेपानी विकास समितिको गठन: (१) परियोजना सम्बन्धी कामको लागि मेलाम्ची खानेपानी विकास समिति नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय –अध्यक्ष

(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), अर्थ मन्त्रालय –सदस्य

(ग) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), जलस्रोत मन्त्रालय –सदस्य

(घ) प्रमुख, काठमाडौं महानगरपालिका –सदस्य

(ङ) कार्यकारी निर्देशक –सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) काठमाडौं उपत्यकामा सार्वजनिक, घरेलु औद्योगिक, वातावरणीय वा अन्य उपयोगका लागि खानेपानी उपलब्ध गराउन परियोजना कार्यान्वयन गर्ने ।

(ख) परियोजना सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ग) परियोजना सम्बन्धी कामको लगत इष्टिमेट स्वीकृत गर्ने ।

(घ) परियोजना कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बोलपत्र आव्हान गर्ने तथा प्राप्त बोलपत्र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी स्वीकृत गर्ने ।

(ङ) परियोजनाको काम कारवाही ठीकसँग भए नभएको निरीक्षण गर्ने तथा निरीक्षण गर्दा कुनै सुधार गर्न आवश्यक देखिएमा सो गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिने ।

(च) समितिलाई आवश्यक पर्ने कन्सल्टेन्ट र कर्मचारीहरू नियुक्त गर्ने ।

(छ) समितिको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ज) समितिको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(झ) तोकिए बमोजिम अन्य काम गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्यबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्तिः (१) श्री ५ को सरकारले समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य संचालन गर्न एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनको लागि श्री ५ को सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा रही खानेपानी सम्बन्धी कुनै परियोजनामा अनुभव हासिल गरेको व्यक्ति हुनु पर्नेछ ।

(३) कार्यकारी निर्देशको पदावधि तीन वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा एक अवधिको लागि थप गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकले समितिको हित विपरित हुने कुनै काम कारवाही गरेमा वा गर्नु पर्ने काम नगरेमा श्री ५ को सरकारले निजलाई पदावधि पूरा नहुँदै कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि कार्यकारी निर्देशकलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिका निर्णयहरू कार्यान्वयन गराउने ।

(ख) समितिको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।



228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) समितिको दैनिक कार्यको व्यवस्थापन, सुपरीवेक्षण अनुगमन तथा निरीक्षण गर्ने ।

(घ) परियोजनाको प्रमुख भई काम गर्ने ।

(ङ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वयकर्ताको रूपमा काम गर्ने र समस्याहरूको समाधान गर्न आवश्यक सहयोग गर्ने ।

(च) तोकिए बमोजिम अन्य कामहरू गर्ने, गराउने ।

८. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) समितिको कार्य संचालनको लागि समितिमा आवश्यक कर्मचारीहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिम रहने कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

९. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम ।

(ग) स्वदेशी व्यक्ति वा संघ संस्था आदिबाट प्राप्त रकम ।

(घ) समितिले आफ्नो सेवाबाट आर्जन गरेको रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम समितिलाई प्राप्त हुने रकमहरू नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता तथा कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

१०. लेखा परीक्षण : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष तथा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ

१२. बैठक भत्ता : समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत श्री ५ को सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन्।

१३. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१४. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

१५. नियम बनाउने अधिकारः यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन्।

## सूचना २

मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ को दफा ६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मेलाम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक पदमा श्री प्रोषणनाथ नेपाल, विशेष सचिव आवास तथा भौतिक योजना मन्त्रालयलाई नियुक्त गरेको छ।

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मध्य पश्चिमाञ्चल क्षेत्र अन्तर्गतका प्यूठान, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालीकोट जिल्लाका जिल्ला विकास समितिका पदाधिकारीहरूको २०५५ आश्विनमा भएको निर्वाचनका सम्बन्धमा सोही ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्न उपर्युक्त जिल्लाका सम्बन्धित जिल्ला न्यायाधीशको अध्यक्षतामा निर्वाचन अदालत गठन गरेको छ र निर्वाचन अदालतको निर्णय उपर पुनरावेदन सुन्न सोही ऐनको दफा २२ को उपदफा (२) को प्रयोजनको लागि सो निर्वाचन अदालत रहेको क्षेत्रको पुनरावेदन अदालतलाई तोकेको छ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



२२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

### नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०५५

नेपाल नागरिकता ऐन, २०२० को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ मा संशोधन: नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ–

"(१) नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको राजपत्राङ्कित अधिकृत वा राजप्रासाद सेवाका अधिकृतको सिफारिशसाथ सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष अनुसूचि–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।"

## सूचना २

### प्रहरी (छैठौं संशोधन) नियमावली, २०५५

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम "प्रहरी (छैठौ संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली विक्रम सम्वत् २०४९ साल पौष ६ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल नियमावली, २०४६ को नियम ६६ मा संशोधन: प्रहरी नियमावली, २०४६ को नियम ६६ को सट्टा देहाय बमोजिमको नियम ६६ राखिएको छ :–

"६६ प्रहरी सेवामा पुनः कायम भएपछि पुरा तलब भत्ता पाउने: कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मिति सम्मको पुरा तलब भत्ता र तलब बृद्धि पाउने भए तलब बृद्धि समेत निजले पाउनेछ।"

आज्ञाले,

पदमप्रसाद पोखरेल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको सूचना

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय बमोजिमको चार किल्लाभित्रको क्षेत्रलाई पशुपति संरक्षित स्मारक क्षेत्र घोषणा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पूर्व सिमाना

गुह्येश्वरी मन्दिरदेखि अन्दाजी ६८४ फिट पूर्वतर्फ बागमती नदी (उत्तर बाहिनी) को उत्तरी किनारादेखि दक्षिण ध्रुवस्थली शिवपुरी बाबाको आश्रम वरपरको काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको पशुपति गा. पं. वडा नं. ८ कि. नं. १ को पूरै जङ्गललाई भित्रपारी एयरपोर्टबाट तिलगङ्गा चक्रपथ निस्कने कच्ची मोटर बाटोसम्मको भाग।

पश्चिम सिमाना

काठमाडौं महानगरपालिका वडा नं. ७ साविकको भगवानस्थान गा. पं. वडा नं. ३ को चावहिल जाने चौबाटो (मित्रपार्क चोक) को कि. नं. २५९ देखि पश्चिम चक्रपथ हुँदै दक्षिणतर्फ सोही वडा साविकको पशुपति गा. पं. वडा नं. ३ (क) को कि. नं. ७८, ७९, र ८० का कित्ताहरूलाई र भण्डारखाल बगैंचाको कि. नं. ६१ लाई समेत भित्र पारी उक्त बगैंचा उत्तर पश्चिमपट्टिको सडकलाई सिमाना कायम गरिएको छ। त्यसै गरी भण्डारखाल बगैंचाको दक्षिण पश्चिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको भगवानस्थान वडा नं. २ को कि. नं. ११, १२, र १४ लाई भित्र पारी रातोपुलबाट चक्रपथ गौशाला चोक निस्कने सडकसम्मको भाग ।

उत्तर सिमाना

काठमाडौं महानगरपालिका वडा नं. ७ साबिकको भगवानस्थान गा. पं. वडा नं. ३ को कि. नं. ११ देखि उत्तरतर्फ नक्शामा कायम भएको (मित्रपार्कबाट पूर्वतर्फ गौरीघाट निस्कने) सडक हेमन्त भैरवदेखि उत्तरतर्फको कच्ची सडकसम्म र गौरीघाट क्षेत्रका स्मारकहरूलाई भित्रपारी बागमती नदी शान्ति तीर्थघाटसम्म त्यसैगरी शान्ति तीर्थबाट बागमती नदीको उत्तरी किनाराको काठमाडौं महानगर-पालिका वडा नं. ८ साविकको पशुपति गा. पं. वडा नं. ८ (क) को कि. नं. १८ लाई भित्रपारी बागमती नदीको उत्तरी किनारा हुँदै उत्तर बाहिनीसम्मको भाग ।

दक्षिण सिमाना

पश्चिम सिमानामा उल्लेख गरिएको रातोपुलबाट गौशाला चोकतर्फ जाने काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको पशुपति गा. पं. वडा नं. २ (ख) देखि दक्षिणतर्फको सडकलाई सिमाना मानी गौशाला चक्रपथसम्म र गौशाला चोकबाट चक्रपथ हुँदै तिलगङ्गा चक्रपथसम्म र सोही ठाउँबाट एयरपोर्ट जाने कच्ची मोटरबाटो समेतको भाग ।

आज्ञाले,

विश्वनाथ सापकोटा

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग) मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगमबाट आयात गरी बिक्री वितरण गरिने अन्तर्राष्ट्रिय उडानको लागि चाहिने ३५,००० लिटर हवाई इन्धन (A.T.F.) मा लाग्ने भन्सार महशुल, मूल्य अभिवृद्धि कर र अन्य कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ ।



२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४८, अतिरिक्तांक २५ (ग), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल परिवार नियोजन संघलाई यु. एस. ए. आई. डी. को सहयोगमा यु. एस. डलर ५३०९२७।८४ मूल्य बराबरको र क्यानाडा सरकारको सहयोगमा यु. एस. डलर ११८००।६० र ५२६२९।९५ मूल्य बराबरको प्राप्त हुने परिवार नियोजनका अस्थायी साधनहरूमा लाग्ने भंसार महसुल र मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड४८, अतिरिक्ताङ्क २५ (ग), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले रक्त संचार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लास्टिकको थैलो, ट्रान्सफ्युजन सेट, टेष्टिङ्ग किट्स, रिएजेण्ट्स तथा रक्त परिक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरण एवं रसायनमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ६ सँग सम्बन्धित अनुसूची–२ को क्रमसंख्या २ प्रयोजनको निमित्त देहायका पद र श्रेणीको लागि देहायबमोजिम न्यूनतम शैक्षिक योग्यता तोकेको छ।

| क्र.सं. | पद, श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | वरिष्ठ कम्प्यूटर अधिकृत रा. प. द्वि. | क) कम्प्यूटर साइन्समा स्नातकोत्तर वा |



१६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) कम्प्यूटर इन्जिनियरिङ्मा स्नातकोत्तर

वा

ग) प्रमुख विषय कम्प्यूटर साइन्स लिई स्नातकोत्तर तथा उपरोक्त शैक्षिक योग्यता प्राप्त गरी निजामती सेवा नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त

२. कम्प्यूटर इन्जिनियर रा.प.तृ.

क) कम्प्यूटर इन्जिनियरिङ्मा स्नातक

वा

ख) इलेक्ट्रोनिक इन्जिनियरिङ्मा स्नातक

वा

ग) इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्मा स्नातक

वा

घ) इलेक्ट्रोनिक र कम्प्यूनिकेशन इन्जिनियरिङ्मा स्नातक

३. कम्प्यूटर इन्जिनियर रा.प.तृ.

क) कम्प्यूटर साइन्समा स्नातक,

वा

ख) कम्प्यूटर इन्जिनियरिङ्मा स्नातक

वा

ग) प्रमुख विषय कम्प्यूटर साइन्स लिई ३ वर्ष स्नातक

वा

घ) विज्ञान (Physical Group) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ९ (नौ) महीनाको डिप्लोमा प्राप्त

खण्ड ४६, संख्या २०, मिति २०५३।५।१० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ को क्रमसंख्या २ बमोजिम कम्प्यूटर इन्जिनियर (रा.प.तृ) र क्रमसंख्या ३ कम्प्यूटर अधिकृत (रा. प. तृ) को न्यूनतम योग्यता तोकेको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
विद्युतराज चालिसे
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लास्थित देहायका चार किल्ला भित्रका देहायका क्षेत्र हरूमा जग्गाहरूको नाप जाँच गर्न यो आदेश जारी गरेको छ।

१. दाङ

लमही क्षेत्र– (६० बिगाहा)

पूर्व– लोहरिया सोतो ।

पश्चिम– अर्जुन खोला ।

उत्तर– राजमार्ग ।

दक्षिण– रतननाथ गुठीको जग्गा र ऐलानी पर्ति जग्गा ।

२. कपिलवस्तु

इमलिया क्षेत्र– (१३ बिगाहा १५ धुर)

पूर्व– वरकलपुर गाउँ विकास समिति वडा नं. २ स्थित आवादी जग्गा।

पश्चिम– वरकलपुर गाउँ विकास समिति वडा नं. २ स्थित आवादी जग्गा ।

उत्तर– वरकलपुर गाउँ विकास समिति वडा नं. २ स्थित आवादी जग्गा ।

दक्षिण– वरकलपुर गाउँ विकास समिति वडा नं. २ स्थित आवादी जग्गा ।

३. सर्लाही

सुकेपोखरी क्षेत्र– (१६५ बिगाहा)

पूर्व– हरिओन गाउँ विकास समिति वडा नं.६ स्थित बालगंगा गाउँको नम्बरी जग्गा।

पश्चिम–हरिओन गाउँ विकास समिति वडा नं. ६ स्थित राँगे गाउँको आवादी जग्गा।

उत्तर– हरिओन गाउँ विकास समिति वडा नं. ६ स्थित चतुर्भुजेश्वर जनता क्याम्पस र सुखेपोखरीको नम्बरी जग्गा ।

दक्षिण– हरिओन गाउँ विकास समिति वडा नं. ६ स्थित बाग्मतीको पूर्वी मूलनहर र बाढी पीडित व्यक्तिहरूलाई घर बनाउन छुट्याइएको जग्गा।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।